नेपाल सरकार

# मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना, २०७७

(भाग-१)

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
बबरमहल, काठमाण्डौं

# भाग-१ः मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना, २०७७

# भाग-२ः मनसुन पूर्वतयारी र प्रतिकार्य विस्तृत कार्ययोजना, २०७७

# विषयसूची


सारांश १

सम्भावित केश लोड (Case load) ३

१. मनसुनमा हुने मुख्य विपद्हरु ४

१.१ बाढी ४

१.२ पहिरो ६

१.३ पानीजन्य अन्य जोखिम ८

१.४ कोभिड -१९ ९

२. विषयगत मन्त्रालयको जिम्मेवारी ११

३. सुरक्षा निकायको जिम्मेवारी २१

४. अन्य सरकारी निकायको जिम्मेवारी २२

५. गैरसरकारी निकायको जिम्मेवारी २२

६. निजी क्षेत्रको जिम्मेवारी २४

अनुसुची १

# सारांश

नेपालमा मनसुनको समयमा बाढी, पहिरो लगायत अन्य पानीजन्य विपद्का कारण ठूलो जनधनको क्षति हुने गरेको छ । सामान्यतया असारदेखि असोजसम्मको झण्डैं सय दिन मनसुन सक्रिय हुन्छ । मनसुनजन्य विपदबाट हुने क्षति न्यूनीकरण गर्न तीनै तहका सरकार, राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी निकाय, विकास साझेदार एवं निजी क्षेत्र र समुदायले एकजुट भएर काम गर्न जरुरी छ। त्यसका लागि 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना' बनाइ तयारी अवस्थामा रहन आवश्यक भएकाले यो कार्ययोजना तयार गरिएको हो।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को तेस्रो बैठकका निर्णयलाई कार्ययोजनाले मार्ग निर्देशकका रुपमा लिएको छ । प्रस्तुत कार्ययोजना तयार गर्दा राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (संशोधन २०७५), विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ (संशोधन २०७६) ले निर्दिष्ट गरेका कुराहरुलाई समेत आधार लिइएको छ ।

सिङ्गो मुलुक नै कोभिड-१९ को महामारी नियन्त्रण गर्न लागिरहेको सन्दर्भमा, हामी मनसुनजन्य विपद्को मुखैमा आईपुगिसकेका छौं । यसको सामना गर्दै जनधनको क्षति कम गर्न संघीय सरकारका मन्त्रालय, विभाग, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिहरु, राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी निकाय, विकास साझेदार एवं निजी क्षेत्रले  यो कार्ययोजना मुताबिक कार्य सम्पादन गर्नु पर्नेछ ।

विभिन्न सरोकारवाला निकायहरुसँगको छलफल, प्राविधिक विश्लेषण र विगतको अनुभवको आधारमा सम्भावित जोखिमको आंकलन गरेर त्यसको पूर्वतयारी र प्रतिकार्यको स्पष्ट कार्यविभाजन यो कार्ययोज-नामा समेटिएको छ। वर्षायामलाई लक्षित गरी विषयगत मन्त्रालयहरु, सुरक्षा संयन्त्र, गैरसकारी निकाय तथा निजी क्षेत्र स्वयंले बनाएको योजनालाई समेत आधार मानेर यो कार्ययोजना तयार गरिएको हो ।

यस कार्ययोजना तयार गर्नु पूर्व विपद्सँग सम्बन्धित राष्ट्रसंघीय निकायहरू (UN Agencies) एवम् क्रियाशिल सबै विषयगत क्षेत्रहरुका Cluster leads र Co-leads हरुसँग छलफल गरी उक्त क्षेत्रबाट प्राप्त सुझावलाई समेत ग्रहण गरी यथासक्य कार्यान्वयन योग्य एवम् नतिजामुखी बनाउन प्रयास गरिएको छ । यसै सिलसिलमा कार्ययोजना तर्जुमा पूर्व सबै सुरक्षा निकायका विपद् सम्पर्क व्यक्तिसँग छलफल गरी प्रतिकार्यलाई कोभिड-१९ को परिप्रेक्ष्यमा कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने सम्बन्धमा छलफल गरी प्राप्त सुझावलाई ग्रहण गरिएको छ ।

विशेष गरी मनसुन जन्य विपद्को रुपमा रहेको वाढी, पहिरो र डुबान लाई लक्षित गरी तत् तत् क्षेत्रका सम्वद्ध निकाय एवम् विषय विज्ञसँग समेत छलफल गरी प्राप्त सुझाव समेटिएको छ । पछिल्लो समयमा विश्वको विभिन्न मुलकुमा अभ्यास हुँदै आएको असरमा आधारित पूर्व सूचना प्रणाली (Impact based early warning system) नेपालमा पनि आरम्भ गरी विपदबाट हुने धनजनको क्षति न्यूनीकरण गर्न सरोकार-वाला नियकाहरुसँग छलफल अगाडि बढाउनुका साथै सम्बद्ध निकायमा कार्यरत कर्मचारीलाई तालिम समेत प्रदान गरी असरमा आधारित पूर्व सूचना प्रणालीतर्फ उन्मुख भएको सन्देश दिन खोजिएको छ ।



अनिल पोखरेल
सदस्य-सचिव

बाढी, पहिरो तथा पानीजन्य रोगहरुको समेतको सम्भावना आंकलन गरी यस वर्ष वर्षायाममा ३० लाख विपद्का सम्भावित घटना (Case Load) हुने अनुमान गरिएको छ । सरोकारवाला निकायहरुको विषयगत विश्लेषण, ज्ञान, सीप र अनुभवका आधारमा यो संख्या आंकलन गरिएको हो ।

यसवर्ष साउनको दोस्रो र तेस्रो साता बाढी, पहिरोलगायत पानीजन्य अन्य विपद् एकैपटक खप्टिने सम्भावना देखिएको छ । कोभिड-१९ पनि यतिबेला नै उत्कर्ष (Peaking) मा पुग्ने आंकलन छ ।

सीमावर्ती क्षेत्रमा भारत सरकारले बनाएको तटबन्ध, बाँध, अग्ला सडक, रेलमार्ग, ब्यारेज र नहर प्रणालीलगायत संरचनाले पनि तराईका बस्ती र खेतबारी धेरै जोखिममा पर्ने गर्छन् । यस्ता संरचनाले सीमावर्ती गाउँवस्तीमा बाढी (Floods), डुबान (Inundation), कटान (Bank Cutting), पटान (Sand Deposition) को जोखिम उच्च बनाइदिएको छ।

प्रदेश नम्बर २ र प्रदेश नम्बर ५ मा बाढीजन्य जोखिम अत्यधिक हुने आंकलन गरिएको छ । मध्य पहाडी क्षेत्रमा पनि अचानक बाढी आउने र जनधनको ठूलो नोक्सानी हुने गरेको अनुभव हामी सामु छ।

वर्षायामको अर्को ठूलो विपद् पहिरो हो । यसले मुख्यगरी पहाडी र यदाकदा हिमाली भेगमा ठूलो जनधनको क्षति गराउँछ । हरेक वर्ष पहिरोले सडक, नहरप्रणाली, जलविद्युत आयोजनालाई क्षति पुर्याई यातायात, सञ्चार तथा अरु सेवा सुविधा पनि अवरुद्ध गराउँछ ।

बाढी र पहिरोकै बेला पानीजन्य रोगले कतिपय गाउँ बस्तीहरुलाई आक्रान्त पार्छ । वर्षायामसँगै मलेरिया, डेङ्गु, कालाजार, इन्सेफलाइटिस, कमलपित्त, झाडापखाला जस्ता संक्रमणको जोखिम पनि उच्च हुन्छ । यही बेला सर्पदंशको घटना पनि बढ्छ ।

यो कार्ययोजनाले बाढी र पहिरोको सम्भावित क्षति कसरी कम गर्ने ? आपतकालमा कुन-कुन निकाय कुन बेलामा कसरी सक्रिय हुने ? आपत्कालीन जोखिम न्यूनीकरण र पूर्वतयारी कसरी गर्ने ? घटना हुनेबित्तिकै कसरी प्रतिकार्य गर्ने ? जस्ता विषयगत क्षेत्रको प्रष्ट जिम्मेवारी तोकेको छ।

सबै सरकारी, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी निकाय, निजी क्षेत्र र समुदायले यस कार्ययोजनाको कार्यान्वयनमा प्रभावकारी सहकार्य गरेमा मनसुनजन्य विपदबाट हुने मानवीय र अन्य क्षति तथा नोक्सानीलाई उल्लेख्य मात्रामा कम गर्न सकिनेछ ।

अनिल पोखरेल
सदस्य-सचिव

## सम्भावित केश लोड (Case load)

| क्र.सं. | विवरण | सम्भावित संख्या |
|---|---|---|
| १. | बाढी तथा डुबान (Inundation), कटान (Bank Cutting), पटान (Sand Deposition) | १२ लाख ५० हजार |
| २. | पहिरो | २ लाख ५० हजार |
| ३. | पानीजन्य अन्य जोखिम | १५ लाख |
| | जम्मा | ३० लाख |

हाल केन्द्रीय विपद् व्यवस्थापन कोषमा १ अर्ब ५३ करोड ७० लाख ३८ हजार १ सय ५५ रुपैयाँ मौज्दात रहेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको मिति २०७७/०३/०५ गते बसेको छैठौं बैठकबाट स्वीकृत कार्ययोजना । उक्त बैठकका निर्णयहरु अनुसूची-१ मा संलग्न छ ।

अनिल पोखरेल
सदस्य-सचिव

## १. मनसुनमा हुने मुख्य विपद्हरु

### १.१ बाढी

नेपालको मध्य पहाडी क्षेत्रमा अचानक बाढी आउने र जनधनको नोक्सानी हुने गरेको छ । पहाडदेखि अत्याधिक मात्रामा नदीले बगाएर ल्याएको थिग्रेनी (Sediment) समथल भूमिमा थुप्रिनाले विशेषतः तराईमा तटवर्ती क्षेत्रमा बाढीले प्रभावित गर्छ । मनसुन अधिक सक्रिय भएपछि असार, साउन, भदौमा बाढी आउने गर्दछ । पहिरो र हिमनदीले बनाएका अस्थायी तालहरुको विष्फोटनको कारणले पनि अचानक बाढी आउँछ । यस्तो बाढीले अत्यधिक मात्रामा बोकेर ल्याएको थिग्रेनीले भावर र तराईका नदीको बहने मार्ग उकासीदिन्छ।

चुरे पर्वतदेखि उत्पन्न खहरेहरुबाट अचानक आउने बाढीको कारण भावर र तराई क्षेत्र जोखिममा हुन्छ । यी नदीहरुले प्रायः आफ्नो धार परिवर्तन गर्छन् र अत्याधिक थिग्रेनी बगाएर ल्याउँछन् । ती थिग्रेनीहरु समथल भूमिमा थुप्रिएपछि नदीको बहने मार्ग र बगरको उचाइ लगातार बढ्छ । जब यी नदीहरु दक्षिण तराईतर्फ बग्छन् तब डुबान, कटान र खेत बगर बन्ने तथा खेतमा बालुवा पटान हुने गर्छ ।

भारतले नेपालसँगको सीमा नजिकै नदीहरुमा निर्माण गरेको ब्यारेज र तटबन्धहरुले पानीको प्राकृतिक बहाव अवरुद्ध गर्दा पनि नेपालको तराईका कतिपय ठाउँ जलमग्न हुने गरेको छ। पूर्वाधार निर्माण, विशेष गरी सीमामा सडक तथा रेलमार्ग तथा नहर प्रणालीको निर्माणले पानीको प्राकृतिक बहाव छेकेर दक्षिणी भू-भागमा डुबान हुन्छ ।

यस्ता जोखिमपूर्ण स्थानहरु पहिचान गरी बहाव र निकास अवरुद्ध गर्ने संरचनाहरु हटाउन वा सुधार गर्न नेपाल-भारत सरकारका संयुक्त समिति बनाइएका छन्। उक्त समितिहरुमा प्रतिनिधित्व गर्ने नेपाल सरकारका सम्बन्धित मन्त्रालयका प्रतिनिधिहरुले त्यस्ता उच्च जोखिममा रहेका स्थानहरुमा सम्बन्धित जिल्ला तथा स्थानीय तहको समन्वयमा सो कार्य प्रभावकारी रुपमा अघि बढाउन अपरिहार्य देखिएको छ।

नदी बग्ने मार्गको सतह बढ्दा मध्यम स्तरको जल प्रवाहको समयमा समेत गाउँ वस्तीमा बाढी पस्छ। यो समस्या निराकरणको लागि पनि यसका आफ्नै निर्दिष्ट उद्धार तथा राहत कार्यका साथै प्राकृतिक जल निकास मार्गहरु खोल्ने जस्ता आपतकालीन न्यूनीकरणका उपायहरु आवश्यक हुन्छन् । पहाडमा पनि बाढीको समस्या व्याप्त छ, जहाँ हिमनदी विष्फोटन पछिको बाढीले तल्लो भेगमा उल्लेख्य क्षति पुर्याउन सक्छ ।

बिगत ९ वर्षमा देशभर बाढीले झण्डै ८ सय जनाको ज्यान लिएको छ। ५ सय भन्दा बढी बेपत्ता भएका छन् । यस हिसाबले बाढीले वर्षेनी सरदर १५० जनाको ज्यान लिने गरेको देखियो । बाढीले वर्षेनी सय भन्दा बढीलाई घाइते बनाउने गरेको छ । घर, गोठ, खेतबारी र अन्य भौतिक संरचनामा बाढीले वर्षेनी औसतमा १ अर्ब ८५ करोड रुपैयाँ भन्दा धेरैको क्षति पुर्याउने गरेको देखिएको छ ।

गत वर्ष मनसुनमा औसत पानी परे तापनि बाढीमा परेर ७३ जनाको ज्यान गयो । १ अर्ब रुपैयाँ भन्दा बढीको भौतिक क्षति भएको अनुमान गरिएको छ ।

नेपाल सरकार गृह मन्त्रालय ... सिंहदरबार


अनिल पोखरेल सदस्य-सचिव

जल तथा मौसम विज्ञान विभागले यस मनसुनमा पनि औसत वर्षा (Normal Rainfall) हुने अनुमान गरेको छ । आपतकालीन जोखिम न्यूनीकरण गर्न र असरमा आधारित पूर्व सूचना प्रणाली प्रभावकारी बनाउन सकियो भने जनधनको क्षति निकै कम गर्न सकिन्छ ।

मनसुनको सय दिन मध्ये पनि साउन महिनामा बाढीको जोखिम उच्च हुन्छ। तराई र भित्री मधेसको सबै जिल्लामा बाढीको असर बढी हुने देखिएको छ । काठमाडौं उपत्यका, पोखरा उपत्यकालगायत सहरी क्षेत्रमा पनि बाक्लो बस्ती तर पर्याप्त निकासको अभावका कारण वर्षेनी बाढी तथा डुबानको जोखिम बढ्दै गइरहेको छ ।

## बाढीले विगत ९ वर्षमा पुर्याएको क्षतिको विवरण

| मिति अवधि | घटना | घटना-संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रभावित-परिवार | घरक्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| वि.सं. २०६८ देखि वि.सं. २०७६ सम्म | बाढी, अचानक बाढी | १५१४ | ७९६ | ५०९ | १६९ | ६४४२२ | ४१८३० | ११११२४ | २९५ | १८७ | १६६५७७०७८८८ |



पछिल्लो १० वर्षमा बाढीले पुर्याएको जनधनको क्षतिका आधारमा तयार गरिएको जोखिम नक्सा।


सुस्ताको सास्ती

तस्विरः विशाल कार्की

## १.२ पहिरो


पहाडी भेगको सबै भन्दा ठूलो विपद् नै पहिरो हो । सर्वसाधारणको ज्यान लिने ८० प्रतिशत पहिरो मनसुनकै बेला जान्छ । हाम्रा कतिपय पहाडको भू-बनोट र अवस्थितिले गर्दा पनि हामी वर्षेनी पहिरोको विपद् बेहोर्न बाध्य छौं । त्यसमाथि कतिपय सडक, सिँचाई, जलविद्युतलगायत विभिन्न साना ठूला निर्माणले भू-बनोटलाई कमजोर बनाउने हुँदा पहिरोको संख्या वर्षेनी बढ्दै गइरहेको छ ।उपभोक्ता समितिको अगुवाइमा डोजर लगाएर खनिने सयौं सडकहरुले केही वर्ष यता पहिरोको संख्या र जनधनको क्षति झन् बढाइदिएको छ । विशेष गरी सडक बनाउने क्रममा कुलो, खोल्सो लगायत भल बग्ने बाटो बिथोलिंदा पनि पहिरोको संख्या बढिरहेको छ ।

विगत ९ वर्षको तथ्याङ्क विश्लेषण गर्दा पहिरोले यस अवधिमा ९०४ जनाको ज्यान लियो। यहि अवधिमा २३३ जना बेपत्ता भएका छन् ।


### पहिरोले विगत ९ वर्षमा पुर्याएको क्षतिको विवरण

| मिति अवधि | घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रभा-वित परिवार | घरक्षती | | गोठ-क्षती | पशु चौपाया क्षती | अनुमानित क्षती |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| वि.सं. २०६८ देखि वि.सं. २०७७ सम्म | पहिरो | १६३३ | ९०४ | २३३ | ७७० | ६७९६ | २४५३ | २३८२ | ३०८ | ३२२ | १६६७०५०३३७ |

गत वर्ष पहिरोले ८३ जनाको मृत्यु भयो । साना-ठूला गरेर पहिरोका ४३४ घटना भए । जनधनको क्षतिको अलावा विभिन्न सडक र लोकमार्गहरु अवरुद्ध गरेर पहिरोले सामाजिक जीवनका अरु विभिन्न आयामहरुलाई पनि असर गर्ने गरेको छ । मनसुनका बेला पहिरोले स्थानीय, प्रदेश स्तरीय देखि राष्ट्रिय लोकमार्गहरुको यातायात सेवा अवरुद्ध गर्ने गर्छ । यस्तोमा तुरुन्त प्रतिकार्य गर्न यसपाला देशभर सरकारको स्वामीत्वमा रहेको डोजर लगायत हेभी इक्विपमेन्टको तथ्याङ्क संकलन गरिएको छ। (यसको जिल्लागत विस्तृत विवरण प्रतिकार्य कार्ययोजना भाग-२ मा समावेश गरिएको छ।)





स्रोतः प्राधिकरण, तयार/यूएसएआइडि




स्रोतः राष्ट्रिय पुनर्निमाण प्राधिकरण, डरहम विश्वविद्यालय

यसपाली पनि विशेष गरी पहाडी जिल्ला र केही हदसम्म चुरे क्षेत्रमा पहिरोको जोखिम हुने आंकलन गरिएको छ । विभिन्न वैज्ञानिक विश्लेषणका आधारमा केही हिमाली तथा धेरैजसो पहाडी गरी २२ जिल्लालाई पहिरोको अत्यधिक जोखिमपूर्ण भनी पहिचान गरिएको छ साउनमा सबैभन्दा धेरै पहिरो जाने विगतको अनुभव छ (तलको चित्र हेर्नुहोस्)।




स्रोतः प्राधिकरण, संयुक्त राष्ट्रसंघ, Disinventor/DRR Portal / MoHA


अनिल पोखरेल
सदस्य-सचिव


## १.३ पानीजन्य अन्य जोखिम


मनसुनका बेला पानी र जिवाणुबाट संक्रमण हुने रोगका कारण वर्षेनी धेरैको ज्यान जाने गरेको छ । झाडापखाला, काला ज्वर, डेङ्गु, मलेरिया, टाइफाइड, इन्सेफलाइटिस लगायत पानीबाट सिर्जना हुने रोगका कारण ठूलो जनसंख्या प्रभावित हुने गरेको छ ।


विभिन्न महामारीबाट वर्षमा झण्डैं ५ सय जनाको ज्यान जाने गरेको अनुसन्धानले देखाएको छ । यो संख्या मध्ये पानीका कारण उत्पन्न हुने रोगका कारण ज्यान गुमाउनेको संख्या उल्लेख्य हुन्छ । उदाहरणको लागि २०६५ साल चैतदेखि भदौसम्ममा नेपालको मध्य तथा सुदूर पश्चिमी क्षेत्र झाडा पखालाको महामारीबाट प्रभावित भयो, २८२ जनाले ज्यान गुमाए । जाजरकोट जिल्लामा मात्र करिब १२५०० व्यक्ति प्रभावित भए भने १२८ जनाले ज्यान गुमाए । रुकुममा मात्र ४६ जनाले ज्यान गुमाए ।


साउन, भदौमा सर्प दंशको घटना पनि बढ्छ । गत वर्ष सर्पले टोकेर ३३ जनाको ज्यान गयो । यसपाली पनि विभिन्न पानीजन्य रोग र विपद्का घटना हुने अनुमान गरिएको छ। यहि आंकलनको आधारमा कार्ययोजनाले पूर्वतयारी र प्रतिकार्यको स्पष्ट खाका तयार गरेको छ।








## १.४ कोभिड -१९


सिंगो मुलुक अहिले कोभिड-१९ सँग जुधिरहेको छ । संक्रमितको संख्या दिन प्रतिदिन बढ्दै गइरहेको छ । साउनमा कोभिड-१९ को संक्रमण पनि उत्कर्षमा पुग्ने आकलन गरिएको छ । यसर्थ बाढी, पहिरो, डुबान लगायतको पूर्वतयारी र प्रतिकार्य तथा कोभिड-१९ सँगको सामना एकैपटक गर्नुपर्ने हुन्छ ।

उद्धार, प्रतिकार्य र पुनर्स्थापनाका अरु काम कोभिड-१९को सम्भावित संक्रमणबाट जोगिएर गर्नुपर्ने चुनौती छ ।त्यतिमात्र हैन बाढी तथा डुबानको अत्याधिक जोखिममा रहेका तराईका जिल्ला नै कोभिड-१९ को पनि जोखिममा छन् । यसरी खप्टिने सबै विपद्हरुसँग तयारीका साथ सामना गर्ने गरी यो कार्ययोजना तयार गरिएको छ।


कार्ययोजना कार्यान्वयनका क्रममा कोभिड-१९ को सम्भावित जोखिमबाट जोगिन भौतिक दूरी (Physical Distancing), व्यक्तिगत सुरक्षा समाग्री (PPE) को प्रयोग, निर्मलीकरण (Disinfection) जस्ता उपायहरुलाई गम्भिरतापूर्वक कार्यान्वयन गरिनेछ।




स्रोतः प्राधिकरण, तयार/यूएसएआइडि





स्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय








अनिल पोखरेल
सदस्य-सचिव




स्रोतः प्राधिकरण, तयार/यूएसएआइडि




स्रोतः प्राधिकरण, तयार/यूएसएआइडि




स्रोतः प्राधिकरण, विश्व खाद्य कार्यक्रम

आपत्कालीन उद्धार र राहतका लागि आवश्यक सामग्री । यसको विस्तृत विवरण भाग २ मा संलग्न छ ।

## २. मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्य सम्बन्धि विषयगत मन्त्रालयको जिम्मेवारी

### २.१ गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र (National Emergency Operation Centre- NEOC)लाई चौबिसै घण्टा सञ्चालनमा राख्ने । NEOC, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र (Provincial Emergency Operations Centre), जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (District Emergency Operations Centre) र स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र (Local Emergency Operations Centre) हरुलाई पूर्वतयारीको अवस्थामा राख्ने ।
- जल तथा मौसम विज्ञान विभागसँग तथा सिँचाई विभागसँग सहकार्य गरी बाढी र डुबानको पूर्वसूचना प्रणालीलाई थप र चुस्त र व्यवहारिक बनाउने।
- बाढी तथा डुबान पूर्वतयारीका लागि जिल्ला प्रशासन कार्यालयमा आवश्यक बजेट निकासा गर्ने ।
- गृह मन्त्रालयसँग समन्वय गरी बाढी र डुबानको क्षतिको लेखाजोखा गर्न ड्रोनको प्रयोगमा सहजीकरण गर्ने ।

**प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति**

- प्रतिकार्यको लागि चाहिने सामग्रीका साथै राहत सामग्रीहरुको पूर्व प्रबन्ध गर्ने ।
- प्रतिकार्य र राहत सामग्री उचित भण्डारणको अनुगमन गर्ने र जिल्ला एवम् स्थानीय स्तरसम्म भण्डारणको व्यवस्था मिलाउने ।
- प्रतिकार्य र राहत सामग्री भण्डारणको लागि प्रत्येक प्रदेशमा एउटा स्टेशनको व्यवस्था गर्ने ।

**जिल्ला विपद् व्यवस्थापन समिति**

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने ।
- जिल्ला विपद् व्यवस्थापन कोषमा रकमको व्यवस्था गर्ने ।

**जिल्ला प्रशासन कार्यालयहरु**

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने ।
- कम्तीमा ५० जना उद्धारकर्मी परिचालन गर्न आवश्यक पर्ने खोज तथा उद्धार सामग्री तयारी अवस्थामा राख्ने ।
- आवश्यकता अनुसार पर्याप्त मात्रामा गैर खाद्य सामग्रीको सेट तयार गरी मौज्दात राख्ने ।
- राहत मापदण्डले तोकेको न्यूनतम रकम जिल्ला विपद् व्यवस्थापन कोषमा राख्ने प्रवन्ध गर्ने।
- सबै विषयगत क्षेत्रका नेतृत्व र सहयोगी निकाय (Cluster lead & Co-lead Agency ) लाई तयारी अवस्थामा रहन लगाउने ।

**दक्षिण सीमावर्ती जिल्ला प्रशासन कार्यालयहरु**

- नेपालको दक्षिणी सीमावर्ती क्षेत्रमा विभिन्न संरचना निर्माणको कारणले मनसुनको पानीको बहाव/निकास अवरुद्ध भएको स्थान पहिचान गर्ने।
- भारतीय समकक्षीको समन्वयमा निकास खोल्ने, अवरोधहरु हटाउने। ठूलो बाढी आएमा स्लुइस गेट (Sluice Gate) एवम् ब्यारेज गेट खुला राख्ने काम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

द्रष्टव्यः गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त विस्तृत कार्ययोजना भग २ मा संलग्न छ ।



अनिल पोखरेल
सदस्य-सचिव

## २.२ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**पूर्वतयारीका मुख्य काम**

- बाढी, डुबान, पहिरो तथा अन्य पानीजन्य विपद्का साथै कोभिड-१९ सँग जुध्न अत्यावश्यक वस्तुहरुको सूची तयार गरी अतिरिक्त मौज्दात व्यवस्थापन गर्ने ।
- पेट्रोलियम पदार्थहरु, एल.पी. ग्यास, नून तथा खाद्य पदार्थको अतिरिक्त मौज्दात व्यवस्थापन गर्ने ।
- दैनिक उपभोग्य वस्तु तथा सेवाको उचित मूल्यमा आपूर्तिको व्यवस्था मिलाउने ।
- औषधीजन्य सामग्री तथा खाद्य वस्तुको नियमित व्यवस्था मिलाउने ।
- कालाबजारी हुन नदिन नियमित अनुगमन गर्ने ।
- प्राधिकरण र खानी तथा भूगर्भ विभागसँगको सहकार्यमा पहिरोको पूर्वसूचना प्रणालीको सम्भाव्यताको खोजी गर्ने ।

**प्रतिकार्यका मुख्य काम**

- विपद्को अवस्थामा उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्ति हुने गरी आम उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय वस्तु तथा सेवाको उपभोग गर्न पाउने व्यवस्था मिलाउने ।

द्रष्टव्यः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना भाग २ मा संलग्न छ ।

## २.३ उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय

**पूर्वतयारीका मुख्य काम**

- तटबन्ध, लगायतका प्रभावकारी उपाय अपनाई बाढी तथा डुबानको जोखिम न्यूनीकरण गर्ने ।
- सीमावर्ती क्षेत्रमा बनेका तटबन्ध र अरु संरचनाले मुख्य गरी तराई मधेसमा डुबानको समस्या आउन नदिन आवश्यक समन्वय गरी पूर्वतयारी गर्ने।
- जल तथा मौसम विज्ञान विभाग र प्राधिकरणको सहकार्यमा असरमा आधारित पूर्वसूचना प्रणाली सञ्चालन गर्ने ।

**प्रतिकार्यका मुख्य काम**

- मनसुनको दौरान पानीको प्राकृतिक बहावमा थुनछेक तथा सीमावर्ती क्षेत्रमा पानीको निकास अवरोध भएर हुन सक्ने बाढी तथा डुबानको सम्भावनालाई पूर्वानुमान गरी आवश्यक तयारी थाल्ने। मनसुनके समयमा त्यस्तो अवरोध भए पनि मित्रराष्ट्र भारतसँगको समन्वयमा विशेषज्ञहरुको रायअनुसार निकास खोल्ने ।

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार

अनिल पोखरेल
सदस्य-सचिव

### जल तथा मौसम विज्ञान विभाग

- तीन दिन अगावै मौसमको पूर्वानुमान बिहान र बेलुका ६ बजे बुलेटिन दैनिक रुपमा अद्यावधिक गर्ने ।
- बाढीको पूर्वानुमान तथा पूर्वसूचना बुलेटिन दैनिक रुपमा बिहान ७ बजे अद्यावधिक गर्ने । विषम अवस्थामा जुनकुनै बेला बुलेटिन जारी गर्नुपर्ने छ ।
- बाढी तथा मौसम बुलेटिन जारी गरिसके पश्चात पहिलो जानकारी गृह मन्त्रालय-राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई गराउनु पर्ने छ ।
- जारी भएको बुलेटिन यस विभागको आधिकारिक वेबसाइटः www.hydrology.gov.np र www.mfd.gov.np मा राख्नु पर्ने छ ।
- तत्कालै गृह मन्त्रालय विपद् तथा द्वन्द व्यवस्थापन महाशाखाले सूचीकृत गरेका सबै मन्त्रालय तथा विभागका साथै रेडक्रससलगायत अन्य विपद्को क्षेत्रमा कार्य गर्ने संघ-संस्थाहरुका विपद् सम्पर्क व्यक्तिहरुलाई ईमेल मार्फत बुलेटिन पठाउनु पर्ने छ ।
- जारी भएको बाढी बुलेटिन यस विभागको आधिकारिक Twitter Page: Nepal Flood Alert (नेपाल बाढी सूचना) र Facebook Page: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा राख्नुपर्ने छ तथा मौसम बुलेटिन Twitter Page: Nepal Weather Forecast र Facebook page: Meteorological Forecasting Division मा राख्नुपर्ने छ ।
- बाढी 'सतर्कता तह' नजिक पुग्न लागेमा, 'सतर्कता तह' पार गरेमा, 'खतरा तह' पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेलमार्फत बाढीबाट प्रभावित हुने मुख्य नदी, जलाधारका सर्वसाधारणहरुलाई मोवाइलमा एस.एम.एस. पठाउनु पर्नेछ ।
- देशैभरका सर्वसाधारणका लागि ११५५ नम्बरको टोल फ्री सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गर्नुपर्ने छ ।

द्रष्टव्यः उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना भाग २ मा संलग्न छ ।

## २.४ कृषि तथा पशुपन्छी विकास मन्त्रालय

### पूर्वतयारीका मुख्य काम

- खाद्य सुरक्षा क्लष्टरमा संलग्न विकास साझेदार संघ-संस्थासँगको बैठकबाट कार्ययोजना स्वीकृत गर्ने र पूर्वतयारीका लागि बैठक गर्ने ।
- घटना भइहालेमा पहिलो १५ दिनको लागि खाद्य सहायता तयारी अवस्थामा राख्ने ।
- Rapid Emergency Food Security and Vulnerability Assessment, Initial Rapid Assessment कार्यविधि तयार र अद्यावधिक गर्ने ।
- अन्न र तरकारी बालीको बीउ stock राख्ने व्यवस्था मिलाउने ।
- प्रदेश स्तरमा contingency plan बनाउन सहजीकरण गर्ने ।
- माछा, पशुपन्छीको उपचारको व्यवस्था गर्ने ।
- पशुपन्छीका विभिन्न रोग तथा महामारी (बर्डफ्लू/अन्य) का विरुद्धका भ्याक्सिन लगाउने ।
- मृत पशुपन्छीको व्यवस्थापन गर्ने ।
- दानाको व्यवस्थापन गर्ने ।

द्रष्टव्यः कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना भाग २ मा संलग्न छ ।


अनिल पोखरेल
सदस्य-सचिव

## २.५ खानेपानी मन्त्रालय

### पूर्वतयारीका मुख्य काम

- खानेपानी तथा सरसफाईको क्लष्टरको बैठक आयोजना गरी बाढी, पहिरो एवम् पानीजन्य विपद्हरुको जोखिम योजना तयार गर्ने ।
- सरसफाई र शुद्ध पानीको प्रयोग गर्न जनचेतना अभिवृद्धि गर्ने ।
- बाढी, पहिरोको जोखिमबाट Land Fill Site सुरक्षित गर्न आवश्यक तयारी गर्ने ।
- बाढी, पहिरोको जोखिमबाट क्षतिग्रस्त हुने सम्भावनालाई मध्यनजर गरी वैकल्पिक Land Fill Site पहिचान गर्ने ।
- खानेपानीका लागि अति आवश्यक पाईपलगायतका फिटिङ सामाग्रीको पर्याप्त मौज्दात राख्ने ।
- महिनावारी स्वास्थ्यसँग सम्बन्धित आवश्यक कीटको प्रबन्ध गर्ने ।
- गुनासो सुनुवाईको संयन्त्र निर्माण गर्ने ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी सम्बद्ध क्षेत्रमा समन्वय गरी कार्य गर्ने ।

### प्रतिकार्यका मुख्य काम

- वर्षाको बेला तथा कोभिड-१९महामारीसँग जुध्न साबुन पानीको प्रयोग गरी सही तरीकाले हात धुने व्यवस्था मिलाउने । जनचेतनामूलक सामग्रीको प्रचार प्रसार बढाउने।
- बाढी, डुबान र पहिरो जोखिम बस्तीहरुमा चुनहरु छर्कने र Disinfect गर्ने ।
- Evacuation shelter हरुमा खानेपानी, चर्पी र हातधुने व्यवस्था गर्ने ।
- खानेपानी तथा सरसफाई व्यवस्थापनलाई चुस्त राख्न आवश्यक मर्मत सम्भार गर्ने ।
- बाढी र पहिरो प्रभावित क्षेत्रमा पानी शुद्धिकरण गर्नको लागि क्लोरिनको वितरण गर्ने ।
- डुबानको बेला पानीलाई कसरी पिउन योग्य बनाउने भन्ने सीप विकासमा जोड दिने।
- खानेपानी तथा सरसफाईका अवरुद्ध संरचनाहरुलाई अद्यावधिक राख्न आवश्यक सामग्रीहरुको सुनिश्चितता गर्ने ।
- महिनावारीमा प्रयोग हुने स्वास्थ्यसँग सम्बन्धित कीटहरुलाई सुनिश्चितता गर्ने ।

द्रष्टव्यः खानेपानी मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना अनुसूचीमा संलग्न छ ।

## २.६ परराष्ट्र मन्त्रालय

### पूर्वतयारीका मुख्य काम

- विपद्को समयमा आवश्यक भएमा मित्रराष्ट्रहरूको सहयोग जुटाउने ।
- राहत एवं उद्धार सामग्री ल्याउने वायुसेवालाई उडान अवतरण अनुमति, भन्सारमा सहजीकरण र उद्धारकर्तालाई परराष्ट्र मन्त्रालयले तत्काल भीसा प्रदान गर्ने ।
- मित्रराष्ट्र वा नेपालस्थित विदेशी नियोगबाट प्राप्त राहत सामग्रीमा महसुल छुटको लागि भन्सार विभागलाई सिफारिस गर्ने ।
- विदेशमा संकलित राहत सामग्री र रकम नेपाल ल्याउन सहजीकरण गर्ने ।
- विपदमा परेका विदेशी नागरिकको अवस्था, घाइते वा मृत्युको जानकारी सम्बन्धित मुलुकलाई दिने

द्रष्टव्यः परराष्ट्र मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना भाग २ मा संलग्न छ ।

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार

अनिल पोखरेल
सदस्य-सचिव

## २.७ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पूर्वतयारीका मुख्य काम

- Emergency Safe Shelters तथा कोभिड-१९ को लागि क्वारेण्टाइन प्रयोग गर्ने प्रयोजनका लागि ७७वटै जिल्लाहरुमा भएका विद्यालयको नक्साङ्कन (Geo-referenced mapping) प्राधिकरणलाई उपलब्ध गराउने ।
- कोभिड-१९ ले विद्यालय बन्द भए पनि विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक, विद्यार्थीको सहभागितामा विपद्का सम्भावित जोखिम र सोको पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउने ।
- संघ, प्रदेश, जिल्ला र स्थानीय तहका शिक्षा समूह (Education Cluster) का सदस्यहरुसँग प्रभावकारी समन्वय, जिम्मेवारी निर्धारण र बाँडफाँड गर्ने ।

द्रष्टव्यः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना अनुसूचीमा संलग्न छ ।

## २.८ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

- वर्षायाममा देशभरका कतिपय सडक बाढी, पहिरोले भत्किन्छ वा पुरिन्छ। यस्तो अवस्थामा जतिसक्दो चाँडो अवरोध पन्छाएर सडक सुचारु गराउने कार्यलाई सडक विभागले मुख्य प्राथमिकतामा राखेको छ। डोजर लगायत हेभि इक्विपमेन्टको विवरण प्राप्त भएको छ । (विस्तृत विवरण भाग २ मा)

द्रष्टव्यः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना भाग २ मा संलग्न छ ।

## २.९ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

पूर्वतयारीका मुख्य काम

- विपद्को समयमा हुने लैङ्गिक हिंसा रोकथाम र व्यवस्थापनका लागि Gender Based Violence Standard Operating Procedure in Emergency तयार गर्ने।
- "विपदमा पर्दा जहिले, महिलाको मर्यादा पहिले" भने झैं विपद्को समयमा सुत्केरी, गर्भवती, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, महिला तथा किशोरीको लागि आवश्यक सामग्री तयारी अवस्थामा राख्ने ।
- महिलामैत्री स्थलको लागि आवश्यक सामग्रीको भण्डारण गर्ने
- प्रभावितलाई मनोसामाजिक परामर्शका लागि विमर्शकर्तासँग समन्वय गराउने व्यवस्था गर्ने

द्रष्टव्यः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना भाग २ मा संलग्न छ।

नेपाल सरकार गृह मन्त्रालय ... सिंहदरबार

अनिल पोखरेल
सदस्य-सचिव

## २.१० रक्षा मन्त्रालय

### पूर्वतयारीका मुख्य काम

- मनसुनजन्य विपद्का कारण तत्काल गर्नुपर्ने खोज, उद्धार, र राहतका कार्यक्रम सञ्चालन गर्न नेपाली सेना तयारी अवस्थामा बस्ने।

### प्रतिकार्यका मुख्य काम

- मनसुनजन्य विपद्का कारण तत्काल गर्नुपर्ने खोज, उद्धार, र राहतका कार्यक्रम सञ्चालन गर्न नेपाली सेनाको घटना लगत्तै खटाएर जिउधनको रक्षा गर्ने।

द्रष्टव्यः रक्षा मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना भाग २ संलग्न छ ।

## २.११ वन तथा वातावरण मन्त्रालय

### पूर्वतयारीका मुख्य काम

- आ.व. २०७५।७६ को स्वीकृत प्राकृतिक प्रकोप व्यवस्थापन कार्यक्रम अन्तर्गत गत वर्षको वर्षा र भूकम्पबाट घर, खेतबारी आदिमा पुगेको क्षतिलाई ध्यान दिई गल्छी पहिरो नियन्त्रण, पोखरी संरक्षण, पहिरो रोकथाम, सिँचाई कुलो सुधार, खोला किनारा संरक्षण, पानी मुहान संरक्षण, भू-क्षय नियन्त्रण कार्यक्रमहरु कार्यान्वयन गर्ने।
- विपद् जोखिमबारे विभिन्न कार्यक्रम मार्फत भू तथा जलाधार संरक्षणसम्बन्धी चेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने ।

द्रष्टव्यः वन तथा वातावरण मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना भाग २ म संलग्न छ ।

## २.१२ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

### पूर्वतयारीका मुख्य काम

- बाढी, पहिरो तथा पानीजन्य अन्य विपद् सम्बन्धी सचेतनाका संचार सामग्री बनाई विभिन्न सञ्चार माध्यममार्फत विभिन्न भाषामा प्रचार-प्रसार गर्ने ।
- बाढी, डुबान, पहिरो (सम्भव भएसम्म) पूर्वसूचना प्रणालीका लागि दूरसञ्चार सेवा प्रदायक संस्था मार्फत कोभिड-१९ लगायत बाढी, पहिरो सम्बन्धी सचेतना SMS सम्प्रेषण गर्ने ।
- यसैगरी बाढी, डुबान पहिरो लगायत विपद्को सूचना Caller Back Ringtone मार्फत जानकारी गराउने ।
- बाढी वा डुबानले कुनै ठाउँको सञ्चार सम्पर्क विच्छेद भएमा यथाशिघ्र पुनर्सञ्चालन गर्न सकिने गरी आवश्यक जेनेरेटर, Cell on Wheels (Mobile BTS) तयारी अवस्थामा राख्ने।

### प्रतिकार्यका मुख्य काम

- विभिन्न विपद्बारे विभिन्न माध्यमबाट जीवन बचाउ र जीवन निर्वाहका लागि उपयोगी सूचनाहरु प्रचारप्रसार गर्ने ।
- बाढी वा डुबानले कुनै ठाउँको सञ्चार सम्पर्क विच्छेद भएमा यथाशिघ्र पुनर्सञ्चालन गर्न, Cell on Wheels (Mobile BTS) पठाइहाल्ने।

द्रष्टव्यः सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना भाग २ संलग्न छ ।

## २.१३ शहरी विकास मन्त्रालय

### पूर्वतयारीका मुख्य काम

- क्लष्टरको बैठक बस्ने (आवास क्षेत्र)।
- बाढी, पहिरोबाट उत्पन्न हुने जोखिमको पहिचान गर्ने ।
- सेल्टर प्लानको सुरक्षित स्थान पहिचान गर्ने ।
- विपद् सेल्टरसँग सम्बन्धित आवश्यक आवास व्यवस्थापनका लागि चाहिने न्यूनतम प्याकेज निर्धारण गर्ने ।
- विपद्सँग सम्बन्धित स्थानीय तह, दातृ निकाय तथा अन्य संघसंस्थासँग समन्वय तथा सहकार्य गर्ने ।

### प्रतिकार्यका मुख्य काम

- आवश्यक शिविर व्यवस्थापन गर्ने ।
- आपतकालीन जोखिममा सहभागी हुने ।
- विपदबाट प्रभावित भएकाहरुलाई क्वारेन्टाइन आश्रय स्थल तयार तथा आश्रय स्थलको लागि प्राविधिक कार्यमा सहयोग गर्ने ।
- प्रतिकार्य केन्द्रदेखि स्थानीय तहसम्म प्राविधिक पक्षबाट सहयोग एवं समन्वय गर्ने ।
- विपद् पश्चात् आश्रय स्थल निर्माणमा प्राविधिक सहयोग प्रदान गर्ने ।
- विपद् पछिको आवश्यक्ताको लेखाजोखा PDNA मा प्राविधिक सहयोग गर्ने ।
- आश्रयस्थलमा वातावरण, लैङ्गिक पक्ष तथा संरक्षणको एकीकृत कार्यक्रम सञ्चालन गर्ने ।

- द्रष्टव्यः शहरी विकास मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना अनुसूची संलग्न छ ।

## २.१४ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

### पूर्वतयारीका मुख्य काम

- मनसुनजन्य विपद्को जोखिममा भएका स्थानीय तहहरुलाई मनसुन अगावै यस सम्बन्धी पूर्वतयारी, जोखिम न्यूनीकरण तथा प्रतिकार्यको सम्बन्धमा स्थानीय सरकारको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने ।
- मनसुनजन्य जोखिमका सम्बन्धमा स्थानीय समुदायमा जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।
- स्थानीय तहमा भएका बाढी, डुबान र पहिरो सम्बन्धी पूर्वसूचना प्रणाली चुस्त रुपमा संचालन गर्न स्थानीय तहहरुलाई निर्देशन गर्ने ।
- विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यको सन्दर्भमा स्थानीय समुदायमा क्रियाशील विकास साझेदार संघ-संस्था, गैर-सरकारी संघ-संस्थाहरुलाई तयारी अवस्थामा रहन तथा सम्बन्धित स्थानीय तहहरूसँग समन्वय र सहकार्यमा आवश्यक क्रियाकलाप अगाडि बढाउने ।
- स्थानीय तहमा भएका सबै क्वारेण्टाइन स्थल, खुला क्षेत्र, सम्बन्धित आश्रयस्थल सम्बन्धी सूचना, लागत एकीकृत गर्ने र सो क्षेत्र व्यवस्थित गरी तयारी हालतमा राखे ।
- स्थानीय समुदायमा मानवीय सहायताको क्षेत्रमा कृयाशील संघ-संस्थालाई तयारी अवस्थामा CBDRM Platform मार्फत् अनुरोध गर्ने ।
- विस्थापितका लागि ७ दिनसम्म खाद्यान्न, सरसफाई र अस्थायी आवास तथा औषधोपचारको व्यवस्था मिलाउने ।

- स्थानीय समुदायलाई विपद् प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने र समितिको क्रियाशीलताका लागि जिम्मेवारी बाँडफाँड र नियमित बैठक बस्ने व्यवस्था गर्ने ।
- विपद् प्रतिकार्यका लागि आपतकालीन नमुना अभ्यास गर्ने/गराउने ।
- विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहतको लागि स्थानीय विपद् कोष स्थापना र कोषको अभिवृद्धि गर्ने ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा सामाजिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले तोके बमोजिमको कार्य गर्ने गरेको, नगरेको अनुगमन गर्ने ।
- स्थानीय स्तरमा आपतकालीन कार्यसंचालन केन्द्रको स्थापना भएमा कार्यसंचालन गर्ने र नियमितरुपमा Reporting एवं Recording गर्ने व्यवस्था मिलाउने ।
- विपद्को समयमा प्रयोग गर्नुपर्ने सरसामानहरु जस्तैः लाइफ भेष्ट, डुङ्गा आदिको व्यवस्था गर्ने ।
- Emergency health kit, वारुणयन्त्र लगायतका अन्य उपकरणहरु तयारी अवस्थामा राख्ने ।
- मनसुन प्रणाली निस्कृय भएपछि यस वर्षका विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित भएगरेका कार्यहरुको समीक्षा, अनुकरणीय कार्यमूल्याङ्कन (best practice) र आवश्यक पृष्ठपोषण (Feedback) सहितको प्रतिवेदन तयार गरी स्थानीय विपद् व्यवस्थापन समितिमा पेश गरी अभिलेख राख्ने
- विपदमा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातहरुको एकीन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने ।

द्रष्टव्यः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना भाग २ संलग्न छ ।

## २.१५ संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

### पूर्वतयारीका मुख्य काम

- मनसुनको समयमा हुन सक्ने कोभिड१९- को संक्रमणमा वृद्धि, देशका भू-भागहरूमा बाढी, डुबान, पहिरो, हिमपहिरो लगायतका सम्भावित विपद्को अवस्थामा तत्काल उद्धार गर्न नेपाल वायुसेवा निगम तथा निजी कम्पनीका जहाज तथा हेलीकप्टर परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राख्ने ।
- मनसुनको समयमा समेत आवश्यकता अनुसार जहाज तथा हेलीकप्टर उडान/अवतरण गर्न सकिने गरी विमानस्थलहरू सञ्चालनमा राख्ने व्यवस्था गर्ने ।

द्रष्टव्यः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना भाग २ मा संलग्न छ

अनिल पोखरेल
सदस्य-सचिव

## २.१६ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

### पूर्वतयारीका मुख्य काम

- स्वास्थ्यसँग सम्बन्धित निकायको बैठक बसी पानीजन्य प्रकोप न्युनीकरणको रणनीति तयार गर्ने ।
- बाढी, पहिरोबाट प्रभावित, पानीजन्य रोगका बिरामी एवम् कोभिड-१९का संक्रमित पहिचान गर्ने ।
- औषधी तथा औषधीजन्य सामग्री समयमै खरिद गरी मौज्दात् राख्ने ।
- एम्बुलेन्सको लगत तयार गर्ने ।
- सम्भावित रोग हुने स्थान र व्यक्तिको निगरानी गर्ने ।
- मनसुन एवम् कोभिड-१९को सन्दर्भलाई मध्यनजर राखी अत्यावश्यकीय अवस्था बाहेक स्वास्थ्यकर्मीले विदा वस्न नपाउने निर्देशन जारी गर्ने ।

### प्रतिकार्यका मुख्य काम

- जनचेतना जागृत गर्ने ।
- रेडियो, टिभी मार्फत सन्देशमुलक सूचना प्रवाह गर्ने ।
- केन्द्रदेखि स्थानीय तहसम्मका सबै स्वास्थ्य संस्थाबाट सुरक्षित तवरले WHO को मापदण्ड अनुसरण गरी कोभिड- १९ का विरामीलाई आईसोलेशनमा राखी उपचार गर्ने ।
- बाढी, पहिरो, डुबान, पानीजन्य रोग एवम् कोभिड-१९ को जोखिमयुक्त ठाउँमा औषधी पुर्याई उपचार गर्ने।
- विपद्ग्रस्त स्थानमा छिटो छरितो स्वास्थ्यकर्मी, औषधीहरु/उपचार सामग्रीहरु पठाउन व्यवस्था मिलाउने ।
- सम्भावित स्थानमा स्वास्थ्यकर्मीको परिचालन एवम् औषधीको पर्याप्त व्यवस्था गर्ने ।
- जोखिमयुक्त स्थानमा स्वास्थ्यकर्मीको अभाव हुन नदिने ।

द्रष्टव्यः स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त विस्तृत कार्ययोजना भाग २ मा संलग्न छ।

नेपाल सरकार गृह मन्त्रालय सिंहदरबार

अनिल पोखरेल
सदस्य-सचिव

## ३. मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा सुरक्षा निकायको जिम्मेवारी

### ३.१. नेपाली सेना

**पूर्वतयारीका मुख्य काम**

- नेपाली सेना मातहत जिल्लामा तैनाथ युनिटमा, सिनियर अधिकृतलाई Disaster Focal Person तोक्ने ।
- विपद् पूर्वतयारीका लागि आवश्यक सामग्री तथा औजारको व्यवस्था मिलाउने ।
- सम्भावित विपद्को प्रकृति अनुरुप स्टयाण्डबाई फौजलाई श्रोत, साधन र सीपयुक्त बनाउने ।
- प्राकृतिक जोखिमको अनुगमन विश्लेषण गरी सर्वसाधारण प्रयोगकर्ताका लागि उपयुक्त हुने खालका जानकारीमुलक विपद् व्यवस्थापन सम्बन्धी सूचना सामाजिक सञ्जालमा राख्ने ।
- विपद्का घट्नाबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिहरुसँग समन्वय गरी पूर्वतयारी तथा प्रतिकार्य गर्ने ।
- खोज तथा उद्धार कार्यको लागि आवश्यक दक्ष जनशक्ति स्वास्थ्यकर्मी तथा सामग्रीहरु तयारी हालतमा राख्ने ।
- हेलिकप्टरहरुलाई असार दोस्रो साताभित्र श्री पुर्वी पृतना हेडक्वाटर, इटहरी, भरतपुर, चितवन, श्री पश्चिम एयर बेस सुर्खेत र श्री मध्य एयर वेस काठमाण्डौमा खोज तथा उद्धार टोलीसहित तयारी अवस्थामा राख्ने ।

द्रष्टव्यः नेपाली सेनाबाट प्राप्त विस्तृत कार्ययोजना भाग २ मा संलग्न छ।

### ३.२ नेपाल प्रहरी

**पूर्वतयारीका मुख्य काम**

- प्रकोपजन्य घटनाहरुको सूचना संकलनका लागि सम्पर्क व्यक्ति (Focal Person) तोक्ने, आवश्यक दक्ष जनशक्तिहरु तयार हालतमा राख्ने र जनशक्तिलाई उपलब्ध उद्धार सामग्रीहरु तथा व्यक्तिगत सुरक्षा सामग्री (PPE) को प्रयोग आदि सम्बन्धी प्रशिक्षण दिने ।
- प्रदेशभित्र रहेका सरकारी तथा गैरसरकारी निकायहरुको विवरण र स्थानीय तहमा वडास्तर सम्म जनप्रतिनिधि लगायत सम्बन्धित व्यक्तिहरुको नाम, सम्पर्क नम्बर संकलन तथा अद्यावधिक गर्ने ।
- सम्भावित क्षति न्यूनीकरण गर्न आवश्यक सवारी साधन औजार, उपकरण तथा उद्धार सामग्रीसहितको दक्ष (तालिम प्राप्त) जनशक्ति तयारी हालतमा राख्ने ।
- सरोकारवाला निकायहरुसँगको समन्वयमा पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिसँग निरन्तर सञ्चार र समन्वय गर्ने ।

Contingency plan तयार गरी उद्धार टोलीलाई समय समयमा Dry Practice गराउने ।

द्रष्टव्यः नेपाल प्रहरीबाट प्राप्त विस्तृत कार्ययोजना भाग २ मा संलग्न छ ।

अनिल पोखरेल
सदस्य-सचिव

## ३.३ सशस्त्र प्रहरी बल, नेपाल

- विपद् व्यवस्थापन तालिम निरन्तर रुपमा संचालन गरिरहने ।
- सशस्त्र प्रहरी बल, नेपालका सबै कार्यालयहरुमा खोज तथा उद्धारका आधारभूत उपकरणहरु सहित उद्धार टोली Stand by राख्ने।
- उपलब्ध विपद् उद्धारका आधुनिक सामग्रीहरुको उपत्यका तथा प्रदेशगत रुपमा प्रदेश स्तरीय विपद् समूहले प्रयोग गर्ने गरी तयारी हालतमा राख्ने ।
- सशस्त्र प्रहरी बल, नेपालका विभिन्न इकाईहरुमा गैह्र खाद्य राहत सामग्रीहरु (लत्ता-कपडा, पाल, त्रिपाल ब्लाङ्केट, जस्तापाता आदि) भण्डारण गरिराख्ने ।
- विपद् व्यवस्थापन सम्बन्धी तालिम प्राप्त नगरेका सशस्त्र प्रहरी कर्मचारीहरुलाई समय समयमा खोज तथा उद्धार सम्बन्धी अनुशिक्षण तालिम कार्यक्रम संचालन गर्ने।
- मनसुनको समयमा हुन सक्ने सम्भावित विपदमा प्रभावकारी कार्यसम्पादनको लागि सरोकारवाला निकायहरु बीच समन्वय गर्ने ।
- काठमाण्डौ, कैलाली, पोखरामा रहेका ए.पी.एफ. फ्यूल स्टेशनहरुलाई मनसुनको समयमा हुन सक्ने फ्यूल अभाव व्यवस्थापन गर्न Fuel Stock व्यवस्था मिलाउने ।
- राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र, प्रादेशिक आपतकालीन कार्य संचालन केन्द्रहरु तथा जिल्ला आपतकालीन कार्यसंचालन केन्द्रहरुमा आवश्यकताअनुसार सञ्चार तालिम प्राप्त जनशक्तिहरु परिचालन गर्ने ।
- नेपाल ए.पी.एफ. अस्पतालमा विपद्को समयमा घाईतेहरुको प्रभावकारी उपचार व्यवस्था मिलाउन विभिन्न पूर्व तयारीका कार्यक्रमसहित आवश्यक तयारी गर्ने ।
- विपद् उद्धार समूह लगायत सम्पूर्ण सशस्त्र प्रहरी बल, नेपालका ईकाइहरुले मनसुन शुरु हुनु पूर्व आफ्नो जिम्मेवारी इलाकामा स्थानीय प्रशासन लगायत विभिन्न सरकारवाला निकायसँग समन्वय गरी कार्य गर्ने ।
- सशस्त्र प्रहरी बल, नेपालका विभिन्न यूनिटहरुमा रहेका हेभि ईक्यूपमेन्टहरु तयारी हालतमा राख्ने ।
- USAID को सहयोगमा काठमाण्डौ उपत्यका भित्र सशस्त्र प्रहरी बल, नेपालका युनिटहरुमा निर्माण भएका सात वटा Deep Tube Well हरु तयारी हालतमा राख्नुका साथै उपत्यका बाहिर पोखरा, बर्दघाट, पाल्पा, कोहलपुर र धनगढीमा रहेका सशस्त्र प्रहरी बल, नेपालका कार्यालयहरुमा निर्माणाधीन अवस्थामा रहेको। उद्धार सामग्रीहरुको खरिद गरी आवश्यक स्थानहरुमा पठाउने गरी तयारी हालतमा राख्ने ।
- प्रत्येक युनिटमा विपद् उद्धार समूह उपलब्ध उद्धार सामग्रीसहित Stand by राख्ने व्यवस्था मिलाउने।
- जल तथा मौसम विज्ञान विभाग, जल विज्ञान महाशाखा/बाढी पूर्वानुमान शाखाबाट प्रकाशित हुने बाढी सम्बन्धी बुलेटिन सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण युनिटहरुमा आवश्यक तयारीका लागि विगतमा झैं (पठाउने गरेकोमा) यस वर्ष पनि पठाउने ।

द्रष्टव्यः सशस्त्र प्रहरी बल नेपालबाट प्राप्त विस्तृत कार्ययोजना भाग २ मा संलग्न छ ।

नेपाल सरकार गृह मन्त्रालय ... सिंहदरबार

अनिल पोखरेल
सदस्य-सचिव

## ४. मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा अन्य सरकारी निकायको जिम्मेवारी

### ४.१ नेपाल दुरसञ्चार प्राधिकरण

पूर्वतयारीका मुख्य काम

- बाढी, पहिरोको कारण टेलिफोन टावरहरुमा क्षति पुगेमा सञ्चार व्यवस्थाका लागि मोबाइल टावरको व्यवस्था गर्ने ।

## ५. मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा गैरसरकारी निकायको जिम्मेवारी

### ५.१ नेपाल रेडक्रस सोसाईटी

पूर्वतयारीका मुख्य काम

- प्रारम्भिक द्रुत लेखाजोखा सर्वेक्षण गर्ने,
- राहत आपूर्ति तथा वितरण (खाद्य तथा गैर खाद्य सामाग्रीहरु) गर्ने,
- आश्रय स्थल सम्बन्धी अभिमुखिकरण तथा तालिम सञ्चालन गर्ने ,
- खानेपानी तथा सरसफाई र स्वास्थ्य सम्बन्धी गतिविधिहरु तथा स्वास्थ्य कीट वितरण, अभिमुखिकरण, जनचेतनामूलक कार्यक्रम, तालिमहरु सञ्चालन गर्ने,
- गोदामघरहरु अद्यावधिक गर्ने,
- जिल्ला शाखाहरु र NDRT लाई सचेत पत्र पठाउने ।
- दैनिक प्रतिवेदन तयार गर्ने ।
- मनसुन पुनर्लाभ कार्यक्रम सञ्चालन गर्ने ।

द्रष्टव्यः नेपाल रेडक्रस सोसाईटीबाट प्राप्त विस्तृत कार्ययोजना भाग २ मा संलग्न छ ।

अनिल पोखरेल
सदस्य-सचिव

## ५.२. गैरसरकारी संस्था (गैसस) एवम् अन्तराष्ट्रिय गैरसरकारी संस्था (अगैसस)*

- गैसस र अगैससले मनसुन पूर्वतयारी र प्रतिकार्य सम्बन्धी कार्य स्थानीय एवम् जिल्ला विपद व्यवस्थापन समितिसँग समन्वय गरी गर्ने ।
- गैसस र अगैससका सातै प्रदेशमा रहेका गोदामघरमा भएका गैर खाद्य सामाग्रीको विपद पीडितलाई दोहोरो नपर्ने गरी स्थानीय तहसँग समन्वय गरी वितरण गर्ने ।
- गैसस र अगैससले तालिम सहित समुदायमा प्रदान गरेका जीवनरक्षक सम्बन्धी सामाग्रीको प्रयोग गर्नलाई सहजिकरण गर्ने ।
- गैसस तथा अगैससँग रहेको आपत्कालीन कोषको राहत तथा पुनःस्थापनाको कार्यमा प्रयोग गर्ने ।
- बाढीको जोखिममा रहेको क्षेत्रमा गैसस र अगैससबाट तालिम प्राप्त स्थानीय मानव संशाधनको खोज, उद्वार तथा राहतको कार्यमा परिचालन गर्ने तथा स्वयम् सेवा र सामाजिक परिचालनमा सहयोग पुर्याउने ।
- स्थानीय स्तरमा आवश्यकताको आधारमा स्थानीय सरकारलाई प्राविधिक सहयोग पुर्याउने ।
- बाढी, पहिरो, तथा अन्य पानीजन्य विपद र कोभिड-१९ का कारण विपदमा परेकाहरुलाई राहत तथा पुनःस्थापनाका लागि सहयोग पुर्याउने ।
- वाढी, पहिरो तथा अन्य पानीजन्य विपदहरुसँग सम्बन्धित जनचेतनामूलक कार्यक्रम सञ्चालन तथा सूचनाहरु एकआपसमा आदान प्रदान गर्ने ।

** प्रकोप पूर्वतयारी सञ्जाल (डीपीनेट), राष्ट्रिय प्रकोप व्यवस्थापन सञ्जाल (डीमान), समूदायमा आधारीत विपद् व्यवस्थापन समितिको राष्ट्रिय सञ्जाल (एनसीडीएमी) र विपद् व्यवस्थापन तथा जलवायू परीवर्तनका लागि अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको कार्य समूह (एआइएनटीजीडीएमसीसी)*

अनिल पोखरेल
सदस्य-सचिव

## ६. मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा निजी क्षेत्रको जिम्मेवारी

### ६.१ नेपाल चेम्बर अफ कमर्स

**पूर्वतयारीका मुख्य काम**

- निर्माणस्थलको जोखिमको लेखाजोखा गर्ने र निर्माणस्थल जोखिमपूर्ण पाईएमा निर्माण सामग्री एवम् कामदारहरुलाई सुरक्षित स्थानमा पुनर्स्थापित गर्ने,
- सम्बन्धित क्षेत्रको व्यवसायिक निरन्तरताको योजना तयार गर्ने,
- विपद व्यवस्थापन समिति गठन,
- नेपाल चेम्बर अफ कमर्सका बरिष्ठ उपाध्यक्षको अध्यक्षतामा समन्वय, सहकार्यका लागि समिति गठनको व्यवस्था ।

**प्रतिकार्यका मुख्य काम**

- राहत संकलन वितरण एवम् हस्तान्तरण,
- आपत्कालीन आश्रय तथा चेतना समन्वय केन्द्रको स्थापना,
- नेपाल चेम्बर अफ कमर्स अन्तर्गत र प्रदेश, जिल्ला, नगर तथा गाउँपालिका चेम्बर अफ कमर्स, चेम्बरका वस्तुगत तथा आवद्ध संस्थाहरु आवश्यकता अनुसार परिचालित हुने ।

अनिल पोखरेल
सदस्य-सचिव

अनुसुची १

## राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको मिति २०७७।०३।०५ गते बसेको छैठौं बैठकको निर्णयहरु

**निर्णय नं. १:-** आसन्न मनसुनजन्य विपद्को पूर्वतयारी तथा प्रतिकार्यका लागि विभिन्न निकायहरुद्वारा संयुक्तरुपमा तयार गरिएको मनसुन तयारी तथा प्रतिकार्य योजना, २०७७ स्वीकृत गर्ने र कार्ययोजनामा उल्लेखित जिम्मेवारी र भूमिकाहरु संयुक्त राष्ट्रसंघीय एजेन्सीहरु, विकास साझेदारहरु, गैरसरकारी तथा निजी क्षेत्र लगायतका सम्बद्ध निकायहरुबाट कार्यान्वयन गरी सोको नियमित प्रतिवेदन गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा गर्ने ।

**निर्णय नं. २:-** मनसुनजन्य पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ लाई प्रदेश र स्थानीय तहले मार्गदर्शनको रुपमा अवलम्बन गरी आ-आफ्नो तहको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं. ३:-** मनसुनजन्य विपद्बाट उत्पन्न हुने बाढी, पहिरो, कटान तथा पटानबाट भौतिक संरचना र जनधनको क्षति भई ठुलो संख्यामा घरपरिवार विस्थापित तथा प्रभावित हुने र महामारी तथा पानीजन्य रोग फैलिन सक्ने सम्भावना रहेकाले निम्नानुसारको जिम्मेवारी तपसिल बमोजिमको निकायले निर्वाह गर्ने ।

- पानीजन्य कारणबाट उत्पन्न हुन सक्ने महामारीको रोकथाम, उपचार एवं नियन्त्रण गर्ने कार्य स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने ।
- बाढी तथा डुवानबाट सिर्जित विपद् सम्बन्धी समस्याको न्यूनीकरण गर्न तथा मनसुनका कारणले भत्किएका संरचना तत्काल मर्मत सम्भार गरी क्षति न्यूनीकरण र संचालनमा ल्याउन आवश्यक जनशक्ति र स्रोतसाधनको व्यवस्था उर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालयले मिलाउने । साथै यस्तो कार्य प्रदेश र स्थानीय तहको समन्वयमा गर्ने ।
- पहिरो प्रभावित परिवारका लागि सुरक्षित स्थानमा स्थानान्तरण गर्ने र पहिरोको अति जोखिममा परेका वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यहरु (आवास वा आश्रयस्थल निर्माणको कार्य) सहरी विकास मन्त्रालयले गर्ने ।
- बाढी, पहिरोबाट अवरुद्ध सडक, क्षतिग्रस्त पुल पुलेसाहरु तत्कालै मर्मत सम्भार गरी संचालनको व्यवस्था प्रदेश तथा स्थानीय तहको समन्वयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिलाउने ।

**निर्णय नं. ४:-** मनसुनको अवधिभर प्रतिकार्यको काम संयोजन गर्न र विपद् सम्बन्धी घटनाहरुको सूचना संकलन तथा प्रतिवेदन तयार गर्न राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्र (NEOC) लाई २४सै घण्टा संचालन गर्ने । साथै विपद् सम्बन्धी मुलुकभर घटित घटनाहरुको सूचना संकलन तथा दैनिक प्रतिवेदन तयार गर्ने ।

**निर्णय नं. ५:-** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन सहमतिका लागि अर्थ मन्त्रालयमा पेश गरिएकोमा सोको आवश्यक प्रक्रिया पुरा गरी यथाशीघ्र सहमतिका लागि अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।

**<u>निर्णय नं. ६:-</u>** उर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालयले देशको दक्षिणी सीमावर्ती क्षेत्रमा रहेका जिल्लाहरुमा बाढी तथा डुवानको समस्याको अध्ययन तथा नक्साङ्कन गरी तत्काल गर्नुपर्ने र दिर्घकालमा गर्नुपर्ने कार्यहरु कार्यकारी समिति समक्ष सिफारिस गर्ने ।

**<u>निर्णय नं. ७:-</u>** नवलपरासी जिल्ला स्थित सुस्ता क्षेत्रमा बाढी तथा डुवान विषयमा तयार गरिएको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना कार्यान्वयनका लागि जिल्ला विपद् व्यवस्थापन समिति मार्फत स्थानीय विपद् व्यवस्थापन समितिमा पठाउने ।

**<u>निर्णय नं. ८:-</u>** पर्वत जिल्लाको कुश्मा नगरपालिकाको वार्ड नं. ३ सरुन्चौर, दुर्लुङ्गमा यहि २०७७ साल जेठ ३१ गते गएको पहिरो लगायत cloud burst बाट भएका पहिरोहरुको अध्ययन गरी आगामी दिनमा जोखिम न्यूनीकरणका लागि अपनाउनु पर्ने रणनीति एवं कार्यनीति सिफरिस सहितको प्रतिवेदन पेश गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा खानी तथा भूगर्भ विभाग, वन तथा भूसंरक्षण विभाग र जल तथा मौसम विज्ञान विभागका प्रतिनिधि सदस्य रहने गरी अध्ययन समिति गठन गर्ने र उक्त समितिले आगामी दिनमा मुलुकभर गर्नुपर्ने कार्यको लागि कार्यकारी समिति समक्ष सिफारिस सहितको प्रतिवेदन पेश गर्ने ।

**<u>निर्णय नं. ९:-</u>** विपद्को एकीकृत तथा समन्वयात्मक रुपमा प्रतिकार्य गर्नका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्र (NEOC) मा कमाण्ड पोष्ट स्थापना गर्ने र उक्त कमाण्ड पोष्टमा गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको १/१ जना प्रतिनिधि खटाउन अनुरोध गर्ने ।

**<u>निर्णय नं. १०:-</u>** यस अघि गरिएको निर्णयानुसार नेपाली सेनाले विपद्को समयमा छिटो छरितो खोज तथा उद्धारका कार्यसंचालन गर्न इटहरी, भरतपुर, काठमाडौं, पोखरा र सुर्खेत गरी पाँच स्थानमा हेलिकोप्टर तैनाथ राख्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
बबरमहल, काठमाडौं, नेपाल

इमेल: info@ndrrma.gov.np
वेब: www.ndrrma.gov.np
फोन नम्बर: ०१४२५८२४०
फ्याक्स नम्बर: ०१४२००१०३
: @NDRRMA
: @ndrrma_nepal